# इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ | संख्या ४ | मिति २०८०।०३।१८

## भाग-१

इच्छाकामना गाउँपालिका

## शिक्षा ऐन २०७४ (पहिलो संसोधन),२०८०

# शिक्षा ऐन २०७४ (पहिलो संसोधन),२०८०

प्रमाणिकरण मिति :२०७५।०१।२०

प्रथम संशोधन :२०८०।०३।१८

**प्रस्तावना :**

इच्छाकामना गाउँपालिकाको शिक्षा ऐन २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम : **"शिक्षा ऐन २०७४ (पहिलो संशोधन) २०८०"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुल ऐनको दफा १२ को उपदफा (४) मा संशोधन** : मुल ऐनको दफा १२ को उपदफा(४) को सट्टा देहायको उपदफा (४) राखिएको छ।

(४) विद्यालय व्यवस्थापन समितिको म्याद सकिएको १ महिना सम्म पनि विद्यालयले विद्यालय व्यवस्थापन समिति गठन गर्न नसकेको अवस्थामा देहाय बमोजिमको व्यवस्था गरिनेछ ।

क. दफा १२ उपदफा (१) को खण्ड क,ग,घ बमोजिम पुर्ण वा आशिक सदस्य मात्र मनोनित वा निर्वाचित भएमा सम्बन्धित वडाको वडाअध्यक्षको सिफारिसमा गाउँ शिक्षा समितिको अध्यक्षले तोके बमोजिमको पदाधिकारी रहनेगरि विद्यालय व्यवस्थापन समिति गठन हुनेछ ।

**ख.** विद्यालय व्यवस्थापन समिति गठनका लागि प्रक्रिया सुरु नगरेमा वा प्रकृया सुरु गरेता पनि विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा वा दफा १२ अनुसार प्रक्रिया अघि बढ्न नसकेमा सम्बन्धित वडाको वडाअध्यक्षको सिफारिसमा गाउँ शिक्षा समितिको अध्यक्षले तोके बमोजिमको पदाधिकारी रहनेगरि विद्यालय व्यवस्थापन समिति गठन हुनेछ ।

३.**मूल ऐनको दफा २० को उपदफा (४) संशोधन** : मुल ऐनको दफा २० को उपदफा(४) को सट्टा देहायको उपदफा (४) राखिएको छ।

(४) स्थायी नियुक्ति लिएको १ बर्ष नपुगेका शिक्षक र अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम समय बाकी रहो शिक्षकको विशेष परिस्थितीमा बाहेक एक स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा गरिने छैन ।

४. **मूल ऐनको दफा २१ को उपदफा (१) संशोधन :** मुल ऐनको दफा २१ को उपदफा(१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक कर्मचारी छनोट समिति रहनेछ ।

क. प्रमुख प्रशासकिय अधिकृत - संयोजक

ख. गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको सो समितिको सदस्य -१ जना

ग. गाउँपालिकामा सुचिकृत विषय विशेषज्ञ – २ जना

घ. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

आज्ञाले,
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत